DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY

# पैदल यात्री सुरक्षासम्बन्धी तम्तयारी




## जोखिमहरूबारे जान्नुहोस्

**जङ्गलको आगो**
- धुवाँ
- आगो
- फोहोरमैला

**बाढी**
- तीव्र गतिमा, बढिरहेको जलस्तर
- तल्लो क्षेत्रहरूमा बाढी
- तीव्र गतिले बगिरहेको फोहोरमैला

**जोखिमपूर्ण सामग्री (Hazmat)-को उत्सर्जन**
- रासायनिक वा अन्य जोखिमपूर्ण सामग्रीको उत्सर्जन, जसले तपाईंको स्वास्थ्यमाथि प्रभाव पार्न सक्छ

## आपात स्थितिसम्बन्धी चेताउनीहरू अर्थात् इमरजेन्सी अलर्ट्स प्राप्त गर्नुहोस्

चेताउनीहरू प्राप्त गर्नको लागि www.BOCOalert.org-मा पञ्जीकरण गर्नुहोस्
- • फोन कल, टेक्स्ट म्यासेज, अनि ई-मेल मार्फत चेताउनीहरू प्राप्त गर्नुहोस्
- • जम्मा 5 अवस्थितिहरूको ठेगानालाई सामेल गर्नुहोस्

**अथवा**

**ReachWell एपलाई डाउनलोड गर्नुहोस् अनि त्यसको उपयोग गर्नुहोस्**
**• साइन-अप गर्ने अथवा व्यक्तिगत जानकारीलाई साझा गर्ने आवश्यकता छैन**

**याद राख्नुहोस् – तपाईं नै सदैव चेताउनी साथै आफ्नो सतर्कताको प्रथम रूप हुनुहुन्छ। आफ्नो मनको कुरा सुन्नुहोस्। यदि तपाईंले केही गलत भइरहेको देख्नु, सुन्नु, वा अनुभव गर्नुभयो भने, आफूलाई सुरक्षित राख्नको लागि निर्णयहरू लिनुहोस् – यदि तपाईंले चेताउनी प्राप्त गर्नुभएको छैन भने पनि।**

## अगाडिको योजना बनाउनुहोस्

### आफ्नो समर्थनकारी प्रणाली विकसित गर्नुहोस्
- ती मानिसहरूसित सम्पर्क गर्नुहोस्, जोसित वाहनहरू छन् अनि जसले चाँडै स्थान खाली गर्नमा तपाईंको सहायता गर्न सक्छन्

### बाहिर निस्किने कम्तीमा पनि 3 मार्गहरूबारे जानेर राख्नुहोस्
- क्षेत्रबाट बाहिर निस्किनको लागि तपाईंले उपयोग गर्नसक्ने कम्तीमा पनि 3 बाइक वा हिँड्ने मार्गहरूबारे जानेर राख्नुहोस्।
- हिँड्नुहोस्, विस्तारै दौडिनुहोस्, अथवा दौडिनुहोस्।
- समय रहँदा-रहँदै वाहनहरू हुने व्यक्तिहरूसित सम्पर्क गर्नुहोस् वा यातायातको अन्य साधनको उपयोग गर्नुहोस् – जस्तै बाइक, स्कूटर, आदि

### तपाईंले आफूसित के लिएर जानुहुनेछ, त्यसबारे जानेर राख्नुहोस्
- तपाईंले आफूसित लिएर जान चाहनुभएका आवश्यक सामग्रीहरू अनि अनमोल वस्तुहरूको एक सूची बनाउनुहोस्, जसलाई झटपट लिएर जान सकिन्छ।
- यो सुनिश्चित गर्नुहोस् कि यी सामग्रीहरू एउटा ब्याकप्याकमा वा अन्य सहजै बोक्नसकिने ब्याग वा यस्तै कुनै साधनमा अट्न सक्छन्।

### कहाँ जानुपर्नेछ, त्यसबारे जानिराख्नुहोस्
- अधिकारीहरू वा चेताउनीहरूबाट प्राप्त सूचनाको अनुसरण गर्नुहोस्।
- यदि तपाईंले सूचना प्राप्त गर्नुभएन भने, आफ्नो मनको कुरा सुन्नुहोस् अनि आफूलाई सुरक्षित राख्नको लागि कार्यवाहीहरू गर्नुहोस्।

### कहिले जानुपर्नेछ, त्यसबारे जानिराख्नुहोस्
- निकासीको चेताउनी पाउनेबित्तिकै स्थान खाली गर्न सुरु गर्नुहोस्, जसमा खाली गर्नको लागि यथा:सम्भव अधिक समय पाउन सकियोस् – निकासीको आदेशको प्रतीक्षा नगरिरहनुहोस्!

# कहाँ जानुपर्नेछ अनि के गर्नुपर्नेछ, त्यसबारे जानिराख्नुहोस्

## जङ्गलको आगो

- क्षेत्रबाट चाँडो गरी निस्किनुहोस्
- हावाको दिशाको 90 डिग्रीको दिशामा हिँड्नुहोस्



## बाढी

- अग्लो भूभागतर्फ चढ्नुहोस्
- पहाडको माथि, भवनको माथिको तला, आदि
- तल्लो भूभागहरू, नदी बग्ने घाटीहरू, खाडलहरू, आदिदेखि टाढै रहनुहोस्



## जोखिमपूर्ण सामग्रीको उत्सर्जन

- अधिकारीहरूद्वारा साझा गरिएका निर्देशहरूको पालना गर्नुहोस् – यी निर्देशहरू भिन्ना-भिन्नै हुनसक्छन्, जो उत्सर्जित पदार्थको प्रकारमाथि निर्भर गर्छ।



**तम्तयारीसम्बन्धी अधिक जानकारीको लागि, WWW.BOULDERODM.GOV/PREPAREDNESS हेर्नुहोस्**

DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY